नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
सानोठिमी, भक्तपुर
**प्रकाशित मितिः २०८२/०८/१५**

**बंगलादेश छात्रवृत्ति सम्बन्धी जरुरी सूचनाः**

परराष्ट्र मन्त्रालय, दक्षिण एशिया महाशाखाको प.सं. SA-II/२०८२/८३ च.नं. १४७ मिति २२ अगष्ट २०२५ तथा प.सं. SA-II/२०८२/८३ च.नं. ४०६५ मिति २३ नोभेम्वर २०२५ को प्राप्त पत्रहरू र काठमाण्डौं स्थित बंगलादेश राजदूताबासको कूटनीतिक नोटहरू अनुसार शैक्षिक सत्र २०२६ का लागि स्नतक तथा स्नातकोत्तर तहका तपसिलका विषयहरुमा ८० प्रतिशत छात्रवृत्ति सहित Bangladesh University of Professionals (BUP) विश्वविद्यालयबाट प्राप्त चार (२+२) सिट छात्रवृत्तिका सम्बन्धमा तपसिलका विषयहरूमा अध्ययन गर्न ईच्छुक आवेदकहरुका लागि यो सूचना प्रकाशन गरिएकोछ ।

## तपसिल

a. Disaster Management and Resilience-१(एक) सिट (स्नातकोत्तर तह)
b. Mass Communication and Journalism-१(एक) सिट (स्नातकोत्तर तह)
c. Computer Science and Engineering (CSE)-२ (दुई) सिट (स्नातक तह)

**१) दरखास्तका लागि आवश्यक न्यूनतम योग्यता :**

स्नातकोत्तर तहका लागि स्नातक तहमा कम्तिमा ६०% वा सोसरह अङ्क सहित उत्तीर्ण भई त्रिवि अन्तर्गत Disaster Management and Resilience का लागि IOE पुल्चोकको स्नातकोत्तर तहको प्रवेश परीक्षामा उत्तीर्ण भएको र Mass Communication and Journalism का लागि सम्वन्धित विषयको स्नातकोत्तर तहको पछिल्लो प्रवेश परीक्षामा सहभागी भइ उत्तीर्ण भएको हुनुपर्नेछ ।

स्नातक तहका लागि कक्षा १० र १२ को परीक्षामा कम्तिमा २.५ GPA वा सोसरह अङ्क सहित उत्तीर्ण भई त्रिवि अन्तर्गत IOE पुल्चोकको २०८२ सालमा लिइएको स्नातक तहको प्रवेश परीक्षामा उत्तीर्ण भएको स्कोरकार्ड सहित निवेदन दिनुपर्नेछ ।

२) **दरखास्त दिने म्यादः** मिति २०८२ साल मंसिर १५ गतेदेखि २०८२ साल मंसिर २२ गतेसम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखा, सानोठिमी, भक्तपुर (साविक दूर शिक्षा केन्द्र) मा दरखास्त दिन सकिने छ । दरखास्तको नमुना यसै साथ संलग्न छ ।

**३) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरूः**

- पूर्ण रूपमा भरिएको आवेदन फाराम,
- नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
- त्रिभुवन विश्वविद्यालयमा पछिल्लो प्रवेश परीक्षाको रोल नम्बर, Rank / Merit र विषय,
- स्नातकोत्तर तहका लागि SEE/SLC देखि स्नातक तहसम्मका प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताकोको प्रतिलिपि, तथा
- स्नातक तहका लागि SEE/SLC देखि १२ कक्षा वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताकोको प्रतिलिपि,
- शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए नेपालको सम्बन्धित बोर्डबाट जारी गरिएको समकक्षताको प्रमाणपत्रको प्रतिलिपि,

**५. योग्यताक्रमः**

रितपूर्वक दरखास्त पेस गर्ने उम्मेदवारहरुले सम्बन्धित अध्ययन संस्थान वा संकायले २०८२ सालमा सञ्चालन गरेको प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा Rank/Merit र आरक्षण सम्बन्धी कागज, प्रमाण समेतको आधारमा नियमानुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले साधारण योग्यताक्रम कायम गर्ने छ ।

पुनश्चः फारम भर्ने क्रममा कुनै समस्या भएमा मात्र शाखाको फोन नं ०१-६६३५४४२ मा फोन गरी जानकारी लिन सकिने छ ।

दर्ता नं
मिति

फोटो

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सानोठिमी, भक्तपुर ।

**विषय : मनोनयनका लागि आवेदन गरेको सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालयद्वारा मिति २०८२/०८/०३ मा प्रकाशित सूचना अनुसार a. Disaster Management and Resilience b. Mass Communication and Journalism c. Computer Science and Engineering विषयको स्नातक तथा स्नातकोत्तर तहमा ८० प्रतिशत छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक विद्यार्थीले पछिल्लो **प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण भएको** योग्यताक्रममा प्रकाशित भएको हुँदा मन्त्रालयको सूचनाअनुसार प्राप्त हुने छात्रवृत्तिमा अध्ययनका लागि निम्नानुसारको विवरण सहित दरखास्त पेश गरेको छु ।

प्रवेश परीक्षाको योग्यताक्रम सम्बन्धी विवरण

१. प्रवेश परीक्षाको योग्यताक्रम

| योग्यताक्रम (Rank) | अङ्क | अक्षर | रोल नं. | प्राप्ताङ्क | अङ्क | अक्षर |
|---|---|---|---|---|---|---|
| नेपालीमा | | | | नेपालीमा | | |
| in English | | | | in English | | |

निवेदक :

नाम,थर : ..........................................................................

Name In English : ..........................................................

जन्म मिति विक्रम संवत् : ............................................................. इस्वी संवत् : ................................

दरखास्त दिँदाको बखतको उमेर : ................वर्ष सम्पर्क फोन.नं./मोवाईल नं. : ..........................................

इमेल : ..........................अभिभावकको नाम, थर :.................................................. सम्पर्क फोन नं/मोवाइल नं. : ........................................

माथि लेखिएको व्यहोरा ठीक सांचो छ, झुट्टा ठहरे कानुन वमोजिम सहुँला, बुझाउंला ।

यो दरखास्त फारामका आधारमा हुने पूर्वमनोनयनको नतिजाको जानकारी मन्त्रालयको वेवसाइट www.moest.gov.np बाट लिई तोकिएवमोजिमको मन्त्रालयमा सम्पर्क गर्ने छु भनी सहि छाप गरेको छु ।

| दायाँ | बायाँ |
|---|---|

दस्तखत..................................

मिति................................